# लुङ्ग्री गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बडाचौर, रोल्पा

पत्र संख्या: २०८१/०८२
सूचना नम्बरः- ७७

लुम्बिनी प्रदेश, नेपाल ।

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना ।

(दोस्रो पटक सूचना प्रकाशन मिति: २०८२/०१/०९)

वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने उद्देश्यले सुरक्षित आप्रवासन (SAMI) कार्यक्रम नेपाल सरकार र स्वीस सरकारबीच द्विपक्षीय सम्झौता अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रदेश सरकार र स्थानीय सरकारको साझेदारी तथा स्वीस सरकार विकास सहयोग एसडीसीको तर्फबाट हेल्भेटास नेपालको प्राविधिक सहयोगमा सञ्चालित कार्यक्रम हो । यस कार्यक्रम अन्तर्गत लुङ्ग्री गाउँपालिकामा मनोसामाजिक परामर्श सेवा तथा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सचेतिकरण कार्यक्रम सञ्चालन गर्नका लागि मनोसामाजिक परामर्शकर्ता (पाँचौं तह) करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरूले ७ दिनभित्र माग बमोजिमको विवरण र राजश्व तिरेको रसिद सहित यस गाउपालिकाको कार्यालयमा तोकिएको ढाँचामा दरखास्त पेश गर्न दोस्रो पटक यो सूचना प्रकाशन गरिएको छ ।

| विज्ञापन नं | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|
| ०९/०८१-८२ | मनोसामाजिक परामर्शकर्ता | (पाँचौ तह) | १ (महिला) | |

१. न्युनतम योग्यताः

- ✓ मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ /नर्सिङ/मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह, स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उतिर्ण गरेको वा पोस्ट ग्राजुयट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको । सम्बन्धित पदमा गाउँपालिका भित्र सरकारी तथा गैरसरकारी संस्थामा कार्यरत भएमा कम्तीमा १०+ २ पास गरेको न्यूनतम शैक्षिक योग्यता मानिनेछ,
- ✓ मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीन प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण-पत्र भएको र सोही क्षेत्रमा काम गरेको अनुभवी र महिलालाई विशेष प्राथमिकता दिइनेछ ।
- ✓ प्रचलित कानुन बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको।
- ✓ कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान भएको, Word, excel, PowerPoint मा दिइएको प्रश्नको उत्तर नेपाली वा अंग्रेजी भाषामा उल्लेख गर्नु पर्नेछ ।
- ✓ नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्ने सक्ने ।
- ✓ यो पदको लागि सम्बन्धित स्थानीय तहको हुनु पर्नेछ ।

२. कार्य अवधिः हाललाई २०८२ असार मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन/मूल्याङ्कनका आधारमा नवीकरण हुन सक्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

३.परीक्षाको किसिमः प्रारम्भिक, लिखित र अन्तर्वार्ता

४.तलव भत्ता तथा अन्य सुविधाः कार्यक्रमको नियमानुसार ।

५.आवश्यक कागजातहरु:

- ✓ दरखास्त फारम (गाउँपालिका बाट प्राप्त हुने)
- ✓ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,
- ✓ हालसालै खिचेको पासपोर्ट साईजको फोटो २ (दुई) प्रति,
- ✓ शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी,
- ✓ अनुभवको प्रमाणपत्रको प्रतिलिपि,
- ✓ राजश्व दस्तु रसिद प्रति ।

६.छनौट प्रक्रियाः प्रारम्भिक छनौटमा परेका उम्मेदवारहरूलाई मात्र लिखित र अन्तर्वार्ता परीक्षामा समावेश गरिने छ साथै अवसरबाट वञ्चितीकरणमा परेका समुदायहरू खासगरी, महिला, दलित, जनजाति, मधेशी तथा अल्पसङ्ख्यक वर्गका उम्मेदवारहरूको समावेशीकरणको लागि सकारात्मक विभेदको प्रक्रिया अवलम्बन गरिनेछ।

७.दरखास्त बुझाउने स्थानः लुङग्री गाउँपालिकाको कार्यालय, बडाचौर रोल्पा

८.दरखास्त दिने अन्तिम मितिः २०८२/०१/१५ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिनेछ । तर आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक बिदा परेमा बिदाको भोलिपल्ट निवेदन बुझाउन सकिनेछ ।

.......................................

चक्र बहादुर घर्ती
(प्रमुख प्रशासकीय अधिकृत)